# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन १० गते २०२३ साल

श्री ५को सरकार

### कानून तथा न्याय–मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधनहरू सहित) को दफा २ र ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारिगरेको छ।

गृह पञ्चायत मन्त्रालयका सह–सचिव श्री विष्णुप्रसाद खनाल भएको एक सदस्यीय विशेष अदालतको गठन गरिएको छ र सो विशेष अदालतले नेपाल अधिराज्यभर जहांसुकै पनि आफ्नो इजलास कायम गर्न सक्ने छ।

भेरी र गण्डकी अञ्चलमा भएको अञ्चलस्तरीय वर्गीय संगठनको चुनावसम्बन्धमा परेको उजूरी हेरी कारवाही किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालयको

## सूचना

न्याय प्रशासन (विविधव्यवस्था) ऐन, २०१८ (संशोधनसहित) को दफा ३ र ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०२१।६।२३, अतिरिक्तांक २६, खण्ड १४ को नेपाल गजेट भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित अञ्चल अदालतहरूको गठन, कार्यक्षेत्र र सदरमुकाम तोकेको सूचनाको तेस्रो प्रकरणमा "धवलागिरी अञ्चल अदालत र कर्णाली अञ्चल अदालत आ–आफ्नू तोकिएको सदर मुकाममा नबसुञ्जेल गण्डकी अञ्चल अदालतले धवलागिरी अञ्चल अदालतको रूपमा र राप्ती अञ्चल अदालतले कर्णाली अञ्चल अदालतको रूपमा छुट्टा छुट्टै अधिकारक्षेत्र प्रयोग गर्ने अस्थायी व्यवस्था भैरहेकोमा" सो अस्थायी व्यवस्था खारेज गरी श्री ५ को सरकारले धवलागिरी अञ्चल अदातल बाग्लुंगमा र कर्णाली अञ्चल अदालत जुम्लामा राख्ने निर्णय गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।